Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

..........शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.सं. ०७७/७८

मिति : २०७८/०१/२२

च.नं.

**बेसीशहर नगरपालिकास्तरिय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (LCCMC)को मिति २०७८/०१/१९ गतेको बैठकका निर्णयहरु ।**

नयाँ भेरियन्ट सहितको कोभिड -१९ को संक्रमण नेपालमा समेत बढ्दै गई रहेको सन्दर्भमा सो को रोकथाम तथा नियन्त्रणका लागि मिति २०७८/०१/१९ गते बेसीशहर नगरपालिकास्तरिय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (LCCMC) का अध्यक्ष श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा बसेको बैठकका निर्णयहरु तपसिल बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल :**

१. कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणको जोखिम बेसीशहर नगरपालिकामा समेत वढ्दै गइरहेको सन्दर्भमा जोखिम नियन्त्रण तथा व्यवस्थापनका लागि बेसीशहर नगरपालिकास्तरिय संकट व्यवस्थापन केन्द्र (LCCMC) पुन सक्रिय गर्ने ।

२. यस नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरुमा कोभिड–१९ को संक्रमण पुष्टि भएमा निजहरुको सम्पर्कमा रहेका व्यक्तिहरुलाई अनिवार्य रुपमा होम क्वारेन्टाइन बस्न आग्रह गर्ने, कोभिड–१९ को लक्षणसँग मिल्दाजुल्दा लक्षण देखिए बेसीशहर नगरपालिकाको सम्पर्क नं. ०६६–५२०१५० (९८५६०४६५७७ ) मा सम्पर्क गर्नुहुन वा सिधै जिल्ला अस्पताल लमजुङ गई स्वास्थ्यकर्मीको परिक्षण पश्चात् मात्र PCR परिक्षण गर्ने/नगर्ने विषयमा निर्णय हुने भएकोले सोही अनुसारको व्यहोरा सम्पूर्ण वडा कार्यालय लगायत सम्बन्धित सबैमा जानकारी गराउने ।

३. यस नगरपालिका भित्रका contact tracing र जिल्ला अस्पतालमा आएका शंकास्पद बिरामीहरुको PCR परिक्षण गर्ने व्यवस्थाको लागि प्राविधिक सहयोग जिल्ला अस्पताल लमजुङले उपलब्ध गराउने तथा PCR गरे पश्चात PCR स्वाब पोखरा लैजाने व्यवस्थाको लागि बेसीशहर नगरपालिकाको एम्बुलेन्स प्रयोग गर्ने एवं PCR स्वाब संकलन हप्ताको २ पटक (सोमबार र बिहीबार ) गर्ने व्यवस्था मिलाउने ।

४. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागिऽ क्वारेन्टाइन/आइसोलेसन संचालन तथा व्यवस्थापनका लागि बेसीशहर नगरपालिकामा चौबिसै घण्टा खटिनु पर्ने अवस्थाको लागि तपसिल बमोजिमको द्रुत प्रतिकार्य टोलि गठन गर्ने ।

| | | |
|---|---|---|
| १. संयोजक | : | प्रमुख प्रशासकिय अधिकृत |
| २. सदस्य | : | सुचना अधिकारी |
| ३. सदस्य | : | स्वास्थ्य शाखा प्रमुख |
| ४ .सदस्य | : | खरिद इकाई संयोजक |
| ५. सदस्य | : | प्रशासन शाखा प्रमुख |

२०७८/०१/२२
लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ............ शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.सं. ०७७/७८

मिति : २०७८/०१/२२

च.नं.

६. सदस्य : सुचना प्रविधि अधिकृत
७. सदस्य : लेखा शाखा प्रमुख
८. सदस्य : जिन्सी इकाइ (स्टोर किपर)
९ सदस्य : नगर प्रहरी प्रमुख
१०. सदस्य : सवारी चालक २ जना
११. सदस्य : दमकल चालक १ जना
१२. सदस्य : अग्नी नियन्त्रक १ जना
१३. सदस्य : एम्बुलेन्स चालक १ जना
१४. सदस्य : कार्यालय सहयोगी ३ जना

५. यस नगरपालिका भित्र बसोबास गर्ने कोभिड-१९ को संक्रमण परिक्षणका लागि PCR गरी होम क्वारेन्टाइन बस्नु भएका नगरवासीहरुमा कोभिड-१९ को संक्रमण पुष्टी भएमा निजहरुलाई घरबाट जिल्ला अस्पताल लमजुङ ल्याउन र जिल्ला अस्पताल लमजुङबाट रिफर गरी अन्यत्र लैजानु पर्ने अवस्थामा यस नगरपालिकाको एम्बुलेन्स निशुल्क रुपमा उपलब्ध गराइने तथा बिरामी बोक्ने समयमा एम्बुलेन्सलाई आवश्यक पर्ने PPE सहितको सामाग्रीको लागि नगरपालिकाले व्यवस्थापन गर्ने।

६. कोभिड–१९ को संक्रमण फैलिन नदिन बिदेशी मुलुकबाट यस बेसीशहर नगरपालिकामा आएका व्यक्तिहरुको दैनिक अभिलेख राख्न तपसिल बमोजिमको अभिलेख व्यवस्थापन समिति गठन गर्ने।

१. संयोजक : श्री बिमला गैह्रे, अधिकृत
२. सदस्य : सम्पुर्ण वडाका वडा सचिवहरु
३. सदस्य सचिव : सि.अ.हे.व.अ. श्री कालीका ढकाल,

७. यस नगरपालिकाका प्रवेशस्थल उदिपुर, बे.न.पा. ७ मनाङ्गे चौतारामा आवश्यकता अनुसार र बेसीशहर नगरपालिकाको कार्यालयमा तत्काल हेल्थ डेस्क संचालन गर्ने।

८. यस नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा अति आवश्यक औषधिहरुको अवस्था हेरेर आवश्यक पर्ने औषधि खरिद गर्नको लागि खरिद प्रक्रिया अगाडि बढाउन सिफारिस गर्ने।

९. यस नगरपालिका भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुको परिक्षा यही बैशाख २६ गते सम्म सम्पन्न गरि मिति २०७८/०१/२७ गते वाट पुर्ण रुपमा सम्पुर्ण शैक्षिक संस्थाहरु बन्द गर्न सबै विद्यालयहरुलाई अनुरोध गर्ने।

२०७८/०१/२२

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत